**संघीय संसद**

# प्रतिनिधि सभा

पाँचौं अधिवेशन

**भए गरेका काम कारवाहीको संक्षिप्त जानकारी**

(१) मा० सदस्यहरु, संघीय संसदको पाँचौं अधिवेशनसंगै प्रतिनिधि सभाको पहिलो बैठक २०७६ साल पुस ४ गते शुक्रबार प्रारम्भ भई आज २०७६ साल चैत २४ गते सोमबारसम्म जम्मा १०९ दिन चालु रह्यो । जसमध्ये ३० दिनमा २४ पटक बैठक बसी जम्मा ३५ घण्टा ३० मिनेट ससंदीय काम कारवाहीमा व्यतित भयो ।

(२) मिति २०७६ माघ ६ गतेको बैठकमा प्रतिनिधि सभाका मा० उपसभामुख डा० शिवमाया तुम्वाहाङफेले दिनुभएको राजीनामाको जानकारी गराइएको थियो भने मिति २०७६ माघ १२ गते बसेको प्रतिनिधि सभाको बैठकबाट प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस् भन्ने एकमात्र प्रस्तावको सूचना प्राप्त भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७ को उपनियम (३) बमोजिम प्रतिनिधि सभाको सभामुख निर्विरोध निर्वाचित भएको घोषणा गरिएको थियो ।

(३) यस अधिवेशन अवधिभर प्रतिनिधि सभामा जम्मा ५ वटा सरकारी विधेयक दर्ता भएकोमा २ वटा विधेयकहरु सम्बन्धित समितिमा विचाराधीन रहेको छ भने सैनिक (पहिलो संशोधन) विधेयक, २०७६ सभामा प्रस्तुत भएको छ र २ वटा विधेयक सभामा प्रस्तुत हुन बाँकी अवस्थामा रहे । साथै सभाको दोस्रो, तेस्रो र चौथो अधिवेशनमा दर्ता भएका विभिन्न २० वटा विधेयक मध्ये २ वटा विधेयक दुवै सदनबाट पारित भइसकेको छ भने ९ वटा विधेयक सम्बन्धित समितिमा विचाराधीन अवस्थामा नै रहेकोछ, ३ वटा विधेयक सभाबाट पारित भई राष्ट्रिय सभामा पठाइसकिएको छ, लोक सेवा आयोग विधेयक, २०७५ सम्बन्धमा समितिको प्रतिवेदन सभामा प्रस्तुत भैसकेको छ र धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६ को सामान्य छलफल समाप्त भैसकेको अवस्थामा छ ।

त्यसैगरी राष्ट्रिय सभामा उत्पत्ति भई प्रतिनिधि सभाको तेस्रो, चौथो र यस अधिवेशनमा प्राप्त भएको विभिन्न ८ वटा विधेयकहरु मध्ये ३ वटा विधेयक सभाबाट पारित गरी फिर्ता पठाइएको छ भने ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५ र नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ सम्बन्धी समितिको प्रतिवेदन सभामा पेश भएको अवस्था छ, २ वटा विधेयक सम्बन्धित समितिमा विचाराधीन रहेको छ र मिडिया काउन्सिल विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश टेबुल भैसकेको छ । यसरी यस अवधिमा प्रतिनिधि सभाबाट कूल ८ वटा विधेयक पारित भएको छ ।

(४) २०७६ फागुन १८ गतेको बैठकमा मा० श्री विन्दा पाण्डेले राख्नुभएको "बोक्सा-बोक्सी, दाइजो लगायतका कुरिती तथा एसिड प्रहार जस्ता आपराधिक कार्य देशमा विद्यमान रहेको अवस्थामा यस्ता अमानवीय, असंवेदनशील र अमर्यादित प्रथा प्रचलन कुरिती र विकृतिको अन्त्यका लागि कानुनी कारवाही गर्न तथा यस सम्बन्धमा विशेष अभियान सञ्चालन गर्न आवश्यक भएकोले" भन्ने सम्बन्धी सार्वजनिक महत्वको प्रस्ताव र २०७६ फागुन २३ गते मा० श्री गगन कुमार थापाले राख्नुभएको "विश्व स्वास्थ्य संगठनले नेपाललाई कोरोनाको उच्च जोखिम भएको देशमा सुचीकृत गरेको सन्दर्भमा यससँग जुध्न सरकारले के गरेको छ, अस्पतालको अवस्था के छ भन्ने जस्ता प्रश्नहरु सरकारले सदनलाई जानकारी दिनुपर्ने भएको तथा कोरोना विरुद्ध सबै जुटी राष्ट्रिय संकल्पको साथ अगाडि बढ्नु पर्ने भएकोले" भन्ने सम्बन्धी सार्वजनिक महत्वको प्रस्ताव उपर छलफल भई सम्बन्धित मा० मन्त्रीबाट जवाफ दिने कार्य सम्पन्न भएको थियो ।

(५) २०७६ फागुन २१ गतेको बैठकबाट सम्माननीय प्रधानमन्त्रीको मृगौला प्रत्यारोपण कार्यको सफलता र शीघ्र स्वास्थ्य लाभको समेत कामना गर्दै विशेष प्रस्ताव प्रतिनिधि सभाबाट पारित भएको थियो ।

(६) सभाको विभिन्न बैठकहरुमा ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय र वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित ५ वटा मौखिक प्रश्नको उत्तर सम्बन्धित मा० मन्त्रीबाट दिइएको थियो । त्यस्तै विभिन्न मन्त्रालयबाट उत्तर प्राप्त भै सदनमा प्रस्तुत गर्न बाँकी रहेका मौखिक एवं लिखित उत्तरहरु समेत टेबुल भैसकेका छन् ।

(७) राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धि (Palermo Protocol)" प्रतिनिधि सभाको २०७६ फागुन २९ गतेको बैठकबाट आरक्षण सहित सर्वसम्मतिबाट अनुमोदन भएको छ ।

(८) यस अधिवेशनमा "सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन, २०७६", "न्याय परिषद् र न्याय सेवा आयोगको आ.व. ०७५/०७६ को वार्षिक प्रतिवेदन", "लोक सेवा आयोगको आ.व. ०७५/०७६ को साठ्ठीऔं वार्षिक प्रतिवेदन", "राष्ट्रिय मानव अधिकार आयोगको आ.व. ०७५/०७६ को वार्षिक प्रतिवेदन", "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रथम वार्षिक प्रतिवेदन, २०७६", "राष्ट्रिय समावेशी आयोगको आ.व. ०७५/०७६ को प्रथम वार्षिक प्रतिवेदन", "मधेशी आयोगको आ.व. ०७५/०७६ को प्रथम वार्षिक प्रतिवेदन", "थारु आयोगको आ.व. ०७५/०७६ को वार्षिक प्रतिवेदन", "मुस्लिम आयोगको आ.व. ०७५/०७६ को प्रथम वार्षिक प्रतिवेदन" र "अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उनन्तीसौं वार्षिक प्रतिवेदन" पेश गर्ने कार्य सम्पन्न भयो ।

(९) यस अधिवेशन अवधिभर संघयि संसद राष्ट्रिय सभा सदस्य दुर्गाप्रसाद उपाध्याय तथा पूर्व सदस्यहरु हरि वैरागी दाहाल, कमला कुमारी घिमिरे, रामलखन महतो, रामेश्वर ढुंगेल, गम्भीरजंग कार्की, श्रीराम श्रेष्ठ, सिद्धार्थकुमार सोमानी, भागवत ज्ञवाली, धर्मप्रसाद घिमिरे र पूर्णकुमार शेर्माको निधन भएकोमा शोक प्रस्तावहरु पारित भएका छन् ।

(१०) यसै अवधिमा सदनको विभिन्न मितिको बैठकमा सम्माननीय प्रधानमन्त्रीले सरकार गठन भएपछिका दुईवर्षे कार्यकालमा गरेका कार्यहरु एवं प्राप्त भएका उपलब्धीहरुका सम्बन्धमा र मा० स्वास्थ्य तथा जनसंख्या एवं कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीले चीनको वुहान प्रान्तबाट फैलिएको कोरोना भाइरसबाट हालसम्म नेपालमा एकजनामा मात्र संक्रमित देखिएको र त्यसपछिको परीक्षणमा कुनैपनि व्यक्तिमा सो रोगको संक्रमण नदेखिएको, चीनमा रहेका नेपालीहरुलाई स्वदेश फर्काउने सम्बन्धमा नेपाली दुतावाससँग समन्वय भैरहेको र उनीहरुलाई नेपालमा राख्ने स्थानको बारेमा समेत छलफल भैरहेको सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।